# सिमकोट गाउँपालिका
# स्थानीय राजपत्र

| भाग २ | खण्ड ८ | संख्या ६ |
|---|---|---|

## अपाङ्गता रोकथाम तथा पुनस्थापना साझेदारी कार्यक्रम संन्चालन कार्यविधि २०८१

कार्यपालिकाबाट स्वीकृत मिति २०८१*/०३/०६
गाउँसभाबाट स्वीकृत मिति २०८१/०३/१०

# अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**<u>प्रस्तावना</u>** : नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन,२०७४, संयुक्त राष्ट्र संघीय अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि महासन्धी -२००६, दिगो विकास लक्ष्य २030 तथा नेपाल सरकारको सोह्रौ योजनाको उदेश्य, मर्म र भावना तथा पालिकाको समेत प्राथमिकता प्राप्त विषय भए बमोजिम **सिमकोट गाउँपालिकामा** जन्मजात तथा जन्म पश्चात हुने अपाङ्गता न्यूनिकरण गर्ने एवं अपाङ्गता भएका व्यक्तिहरु सहितको समावेशी समाजको निर्माणको लागि सिमकोट गाउँपालिकाबाट अपाङ्गता सम्वन्धि कार्यक्रम एकीकृत रुपमा सञ्चालन गरी लागु गर्न वाञ्छनिय भएकोले,

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (त) अनुसार यस सिमकोट गाउँपालिकाको गाउँ सभाले अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ स्विकृत गरी लागू गरेको छ।

**१)<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

१. यस कार्यविधिको नाम अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ हुनेछ ।

२. यो कार्यविधि सिमकोट गाउँपालिकाको गाउँ सभाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

**२.<u>परिभाषा :</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१. “कार्यक्रम” भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने अपाङ्गता रोकथाम तथा पुन:स्थापना साझेदारी कार्यक्रम सम्झनु पर्दछ ।

२. "पालिका” भन्नालेगाउँपालिका सम्झनु पर्दछ ।

३. “गाउँपालिका” भन्नाले सिमकोट गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

४. “संघिय मन्त्रालय” भन्नाले संघीय सरकार, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ ।

५. “मन्त्रालय” भन्नाले कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

६. “साझेदार संस्था” भन्नाले यस कार्यक्रम सञ्चालनार्थ आर्थिक तथा प्राविधिक सहयोग गर्ने संघ संस्थाहरुलाई सम्झनु पर्दछ ।

७. “सहजकर्ता” भन्नाले समुदायमा आधारित पुन:स्थापना सहजकर्ता सम्झनु पर्छ ।

८. “ शाखा ” भन्नाले पालिकाको महिला बालबालिका शाखा वा अपाङ्गता सम्बन्धि काम गर्न अख्तियार प्राप्त शाखा सम्झनु पर्छ ।

**३.<u>कार्यक्रमको उद्धेश्यहरुः</u>**

१. नवजात शिशु तथा १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य जाँच गरी जन्म दोष तथा हुन सक्ने अपाङ्गताको पहिचान र व्यवस्थापन गर्ने,

२. अपाङ्गता भएका व्यक्तिहरु र उनीहरुका परिवारको जीवनको गुणस्तरमा सुधार ल्याउने ,

३. अपाङ्गता रोकथाम तथा पुन:स्थापना सेवा प्रदान गर्ने प्रणालीको सुदृढीकरण गर्ने,

४. समावेशि विकासको नमुना पालिका बनाउने।

४.**<u>कार्यक्रमका मार्ग निर्देशक सिद्धान्तहरु:</u>**

१. पालिकाको नेतृत्व र स्वामित्वमा कार्यक्रम निरन्तर हुनेछ,

२. कार्यक्रमलाई प्रभावकारी सञ्चालन गर्न इच्छुक साझेदार संस्थाको खोजि तथा पहिचान गरि थप आर्थिक तथा प्राविधिक सहभागिता जुटाइने छ।

**५.<u>कार्यक्रमका अङ्ग तथा मुख्य क्रियाकलाप :</u>**कार्यक्रमको उद्धेश्य प्राप्ति गर्न देहायबमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छनः-

१. **<u>प्रणाली सुदृढीकरण:</u>** पालिका अन्तर्गतको महिला तथा बालबालिका शाखालाई यस कार्यक्रमको कार्यान्वयको लागी मुख्य जिम्मेवार शाखा बनाई उक्त शाखाको सबलीकरण, कार्यक्रमसगँ सम्बन्धित स्वास्थ्य ,शिक्षा जस्ता शाखाहरुसगँको प्रत्यक्ष सहकार्यमा एकिकृत बार्षिक योजना तथा बजेट तर्जुमा, समुदायमा आधारित पुन:स्थापना सहजकर्ताहरुको व्यवस्था तथा परिचालन, अपाङ्गता समन्वय समितिको क्षमता विकास,कार्यक्रमका बारेमा जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई जानकारी, नियमित अनुगमन तथा समिक्षा ।

**२.<u>अपाङ्गता रोकथाम:</u>**सन्तानका चाहना भएका दम्पतिहरुलाई गर्भ योजना तथा गर्भवती महिलाहरुलाई सुरक्षित मातृत्व सम्बन्धी जानकारी सूचना, नवजात शिशुहरुमा जन्मदोष वा अपाङ्गता भए नभएको यकिन गर्न सबै नवजात शिशुहरुको स्वास्थ्य परिक्षण, दश वर्ष मुनिका सबै बालबालिकामा अपाङ्गता वा अपाङ्गता हुन सक्ने समस्या भए नभएको यकिन गर्न स्वास्थ्य परीक्षण गर्ने । हाल कायम रहेको सुनौला हजार दिन (Golden 1000 Days) नामक कार्यक्रममा गर्भ पुर्वको अवस्था(Pre Conceptional Period) समेत गणना गरि प्लस सुनौला हजार दिन (Plus Golden 1000 Days) नामक कार्यक्रम शुरु गर्ने ।

२. **<u>अपाङ्गता भएका व्यत्तिहरुको पुन:स्थापना</u>:** अपाङ्गता भएका व्यत्तिहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक, पुन:स्थापना योजना निर्माण, स्वास्थ्य उपचार,  सहायक सामाग्री प्रदान, फिजीयोथेरापी सेवा, अपाङ्गता भएका व्यत्ति तथा अभिभावकहरुलाई सिप विकास तालिम, विद्यालयमा भर्ना,घरैमा अनौपचारिक शिक्षा, वडा स्तरिय मिलिजुली समुहहरु तथा लक्षित वर्गको सहकारी गठन र परिचालन, बिउ पुँजिको व्यवस्था, अपाङ्गता भएका व्यत्तिहरुको संस्था (ओ. पि. डि.)गठन र परिचालन, अपाङ्गता भएका व्यक्तिहरुका अधिकारहरु र सवालहरुका बारेमा जनचेतनामुलक लगायतका क्रियाकलापहरु ।

६. **<u>सहजकर्ताको व्यवस्था तथा परिचालन</u>:**अपाङ्गता भएका व्यत्ति तथा परिवारलाई उनीहरुकै घरदैलोमा सेवा प्रवाह गर्न पालिकाले अपाङ्गता भएका व्यक्तिहरुको संख्याका आधारमा कम्तिमा एक जना सम्पर्क व्यक्तिको व्यवस्था गर्नेछ।

७.**<u>लक्षित वर्गको सहभागिता:</u>**पालिकामा रहेका लक्षित वर्गहरुको सहभागिता योजना तर्जुमा चरणदेखी कार्यक्रमको समिक्षा लगायतका सबै चरणहरुमा सहभागी गराइने छ ।

८.**<u>कार्यक्रमका लागि बजेट तर्जुमा तथा परिचालन सम्बन्धमा :</u>**

१. कार्यक्रम सन्चालन संघीय मन्त्रालय, प्रदेश मन्त्रालय, पालिका तथा साझेदार संस्थाहरुको लागत साझेदारीमा तथा साझेदार संस्थाको प्राविधिक सहयोग समेतमा हुनेछ ।
२. साझेदार संस्थाहरु पहिचान गरि आर्थिक तथा प्राविधिक सहकार्य गरिनेछ ।
३. साझेदार संस्थाबाट प्राप्त हुने रकम समझदारीमा अन्य ब्यवस्था भएबाहेक सिधै पालिकाले तोकेबमोजिमको खातामा जम्मा हुनेछ ।

४. कार्यक्रम संन्चालन सम्बन्धी सम्पुर्ण रकम नेपाल सरकारको खर्च प्रणाली र मापदण्ड बमोजिम खर्च गरिनेछ ।

५. कार्यक्रमको लागत साझेदारी सम्बन्धी अन्य ब्यवस्था मन्त्रालय वा अन्य साझेदार संस्थाहरुसँग भएको सम्झौता बमोजिम हुनेछ ।

९.**<u>बार्षिक योजना निर्माण:</u>** प्रत्येक आर्थिक बर्षका लागि पालिकाले सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई कार्यक्रमसँग सम्बन्धित स्वास्थ्य शिक्षा जस्ता शाखाहरुसंगको प्रत्यक्ष सहकार्यमा एकिकृत बार्षिक कार्य योजना तर्जुमा गर्नेछ । यसरी बार्षिक योजना तर्जुमा गर्दा योजना तर्जुमाका विभिन्न चरण वा तहमा देहायका व्यक्ति तथा संस्थाहरुको प्रतिनिधित्व सुनिश्चित गराउने छ।

१. अध्यक्ष

२. उपाध्यक्ष,

३. वडाध्यक्षहरु,

४. स्वास्थ्य समितिका संयोजक तथा सदस्यहरु,

५. सामाजिक विकास समितिका संयोजक तथा सदस्यहरु,

६. महिला तथा बालबालिका, स्वास्थ्य र शिक्षा शाखा प्रमुख,

७. स्वास्थ्य संस्थाका इन्जार्ज तथा नर्सिङ कर्मचारीहरु,

८. सहजकर्ताहरु,

९. अपाङ्गता भएका व्यक्तिहरुका संस्था, तथा प्रतिनिधिहरु,

महिला स्वास्थ्य स्वंमसेविकाहरु र आमा समुहका प्रतिनिधिहरु ।

१०.**<u>कार्यक्रम कार्यान्वयनका लागि समिति:</u>**पालिकास्तरमा कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि पालिका उपाध्यक्षको संरक्षकत्वमा अपाङ्गता अधिकार ऐन, २०७४ अनुसारको अपाङ्गता समन्वय समिति गठन गरि कार्यक्रम कार्यान्वयन गरिनेछ,

| | |
|---|---|
| १. उपाध्यक्ष | अध्यक्ष |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ४. शिक्षा शाखा प्रमुख | सदस्य |
| ५. अपङ्गता भएका व्यक्तिहरुको संस्था | सदस्य |
| ६. प्रमुख, महिला बालबालिका शाखा | सदस्य |
| ७. अपाङता क्षेत्र हेर्ने सम्पर्क व्यक्ति | सदस्य सचिव |

गाउँपालिका अध्यक्ष यस समितिको संरक्षक रहनेछन् ।

**११.<u>समन्वय समितिको भूमिका तथा जिम्मेवारीः</u>**

१. पालिकास्तरिय एकिकृत कार्यक्रम बनाउन सम्बन्धित शाखाहरु बिच समन्वय गर्ने,

२. कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि यस कार्यक्रमसंग सम्बन्धी स्थानीय सेवा प्रदायक संस्थालाई परिचालन गर्ने,

३. कार्यक्रमको प्रगति अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण उपलब्ध गराउने,

४. कार्यक्रम कार्यान्वयनका क्रममा आउने समस्या तथा विवादको निरुपणका लागि पहल गर्ने,

५. कार्यक्रमका लागि आवश्यक सहजकर्ताहरुको व्यवस्था गर्ने,

६. कार्यक्रमको बार्षिक तथा त्रैमासिक योजनाहरु बनाउने व्यवस्था मिलाउने ।

७. अपङ्गता साहायता कक्ष संञ्चालन गर्ने ।

**१२.<u>अपाङ्गता भएका व्यक्ति तथा लक्षितवर्ग द्धारा गठित सहकारीसँगको सहकार्य</u>:** पालिकामा गठित अपाङ्गता भएका व्यक्तिहरुको संस्था (ओ.पी.डि.) तथा अपाङ्गता भएका व्यक्तिहरुद्धारा

गठित समुह तथा संस्थाहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षणका लागि उनिहरुसँग सहकार्य गरि कार्यक्रम सँञ्चालन गरिनेछ ।

**<u>१३. स्थानीय सहयोगी संस्थाहरुः</u>** पालिकमा रहेका स्वास्थ्य संस्थाहरु, आमा समूहहरु, विद्यालयहरु, अपाङ्गता भएका व्यक्तिहरुका संस्था, समुहहरु तथा साझेदारी संस्थाहरु यस कार्यक्रमका सहयोगी संस्थाहरु हुनेछन्। कार्यक्रम कार्यन्वयनका क्रममा यी संस्थाहरुको प्रत्यक्ष सहभागिता रहनेछ। बाल संजाल स्थापना गर्ने

**<u>१४.कार्यक्रम सञ्चालनमा समन्वय र सहकार्यः</u>** कार्यक्रम सञ्चालनमा मातृ शिशु स्वास्थ्य तथा अपाङ्गताका क्षेत्रमा काम गर्ने अन्य संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ। पालिकामा रहेका अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्था, मातृ शिशु स्वास्थ्य र अपाङ्गताका क्षेत्रमा कार्यक्रम गर्न आएमा उनीहरुका कार्यक्रमलाई पनि समेटेर वार्षिक योजना निर्माण गरिनेछ। अपङ्गता भएका ब्याक्तिहरुको संस्था २ जना प्रतिनिधि रहने गरि । बाल संजालसथापना गरि सहकार्या र साझेदारी गर्ने । अपङ्गता भएका ब्यक्तिहरुलाई सिपमुलक कार्यक्रम सञ्चालन गर्ने ।

**१५.<u>अनुगमन तथा मुल्याङ्कनः</u>**

१. व्यवस्थापन समितिले कार्यक्रमको प्रभावकारीताको नियमित अनुगमन गर्नेछ।

२. कार्यक्रमको अनुगमन व्यवस्थापन सूचना प्रणालीको प्रयोगबाट गरिनेछ।

३. पालिकाले सबै सरोकारवालहरुको उपस्थितिमा अर्धबार्षिक र बार्षिक समीक्षा बैठक आयोजना गर्नेछ।

४. व्यवस्थापन समितिले सहजकर्ताको कामको निरन्तर अनुगमन गर्नेछ।

५ अपङ्गता भएका ब्याक्ति हरुलाई डिजिटल माध्यम बाट कार्ड प्रदान गर्ने ।

१६.**<u>प्रतिवेदनः</u>** पालिकाले कार्यक्रमको प्रगति तथा आर्थिक प्रतिबेदन समेटिएको अर्धबार्षिक प्रतिवेदन तयार गर्नेछ ।

१७. **<u>बाधा अड्काउ फुकाउने :</u>** कार्यक्रम कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा व्यवस्थापन समितिले फुकाउन सक्नेछ ।

१८.**<u>मार्गदर्शन बनाउन सक्ने :</u>** यस कार्यविधिको कार्यान्वयनका लागि पालिकाले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

१९.**<u>प्रदेश र सँघिय सरकारसँगको समन्वय तथा सहकार्यः</u>** यस कार्यक्रमलाई थप प्रभावकारी बनाउन पालिकाले प्रदेश र संघीय सरकारसँग स्रोत सुनिश्चितताका लागि आवश्यक पहल गर्ने छ । योजना आयोगको विशेष अनुदान जस्ता अन्य संघीय तथा प्रादेशिक निकायहरुसँग कार्यक्रमका लागि आवश्यक स्रोत परिचालनका लागि प्रस्ताव पेश गरिनेछ।

२०.**<u>संशोधन वा खारेजीः</u>** यस कार्यविधिलाई आवश्यक संशोधन वा खारेजी गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ। यदि अन्य कुनै कानुनसंग बाझियको खण्डमा स्वत  खारेज हुनेछ ।